# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।१० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

अजिङ्गरे माध्यमिक विद्यालय, विदुर नगरपालिका वडा नं.-१३, नुवाकोटका माध्यमिक शिक्षक राहत दरवन्दीमा कार्यरत शिक्षक रामनारायण साहले नक्कली प्रमाण-पत्र पेश गरी कार्यरत रहेकाले छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज रामनारायण साहले विहार स्कुल इग्जामिनेसन बोर्ड (SS), पटना, भारतबाट प्राप्त इन्टरमिडियट इग्जामिनेसन इन साइन्स (I.SC.) तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी माध्यमिक शिक्षक दरबन्दीमा कार्यरत भई लाभ तथा सुविधा समेत लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता